नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## संघीय मामिला शाखा

पत्र संख्याः सं.मा.शा. २०७३/०७४
चलानी नं. ११५

फोन नं. ४२११८९५
सिंहदरवार, काठमाडौं
मितिः २०७४/१०/०२

विषयः- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी।

श्री जिल्ला समन्वय अधिकारीज्यू,
जिल्ला समन्वय समितिको कार्यालय (सबै)।
श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
गाउँ कार्यपालिकाको कार्यालय (सबै)।
नगर कार्यपालिकाको कार्यालय (सबै)।

प्रस्तुत विषय, नेपालको संविधानको धारा २२० को उपधारा (८) बमोजिम जिल्ला समन्वय समितिका सदस्यहरुले पाउने सुविधा तथा धारा २२७ बमोजिम गाउँ सभा र नगर सभाका सदस्यहरूले पाउने सुविधा प्रदेश कानून बमोजिम हुने व्यहोरा विदितै छ। स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धमा प्रदेश कानून नबनेसम्मको लागि आवश्यक व्यवस्था गर्न नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदमा पेश गर्नका लागि यस मन्त्रालयबाट विधेयकको मसौदा गरी अर्थ मन्त्रालयको राय समेत प्राप्त भैसकेको अवस्थामा प्रदेश सभा तथा प्रतिनिधि सभाको निर्वाचन घोषणा भै व्यवस्थापिका-संसद विघटन भएकोले उक्त विधेयक व्यवस्थापिका-संसद समक्ष पेश गर्न सकिएन। स्थानीय तहको निर्वाचन सम्पन्न भई जनप्रतिनिधिहरुबाट संविधान बमोजिमको काम कारवाही शुरु भैसकेको अवस्थामा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुलाई सुविधा दिने विषयमा जिज्ञासा राखी यस मन्त्रालय समक्ष निरन्तर रुपमा सोधनी भै आउने गरेको छ।

प्रदेश सभा गठन भएपश्चात् यस मन्त्रालयले तयार गरेको उल्लेखित मसौदा र तहाँबाट पदाधिकारीहरुले लिईरहेको सुविधाको विवरण सम्वन्धित प्रदेशहरुमा पठाई स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी कानून निर्माणमा सहयोग र सहजीकरण गरी शिघ्र निष्कर्षमा पुर्‍याउन आवश्यक भएकोले तहाँबाट पदाधिकारीहरुको सुविधा सम्वन्धमा कुनै निर्णय भई कार्यान्वयन भैरहेको भए सोको विवरण समेत यसैसाथ संलग्न ढाँचामा खुलाई फ्याक्स वा अन्य छिटो माध्यम वा ई-मेल (rijalchhabi@gmail.com) मार्फत उपलब्ध गराउनुहुन यस मन्त्रालय (सचिवस्तर) को मिति २०७४/१०/०२ को निर्णयानुसार अनुरोध छ।

| क्र.सं. | निर्णय मिति | निर्णयको तह | सुविधाको विवरण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | सुविधा लिने पद | सुविधा रकम | |
| | | | | | |
| | | | | | |

(छवि रिजाल)
उपसचिव